मितिः २०८२ बैशाख १८ गते

## द्वन्द्वपीडित समुदायको खवरदारी

## तत्काल नयाँ स्वायत्त सिफारिस समिति एवं विश्वसनीय, पारदर्शी र परामर्शयुक्त सार्वजनिक छनौट प्रक्रिया अवलम्बन गर

विस्तृत शान्ति सम्झौता २०६३ को प्रतिवद्दता एवं अवधारणा अनुरुप पीडित केन्द्रित, लैंगिक मैत्री एवं अपाङ्गता समावेशी र विश्वसनीय संक्रमणकालीन न्याय प्रक्रिया अवलम्वन गर्न आम द्वन्द पीडित समुदायले, नागरिक समाज एवं अन्तर्राष्ट्रिय समुदायले झन्डै दुइ दशक देखि निरन्तर आवाज उठाउदै आएका छन् | तर पीडित समुदायको पीडा, माग र अन्याय सम्बोधन गर्न विश्वसनीय, पारदर्शी प्रक्रिया अवलम्वन गर्नु साटो निरन्तर नियन्त्रित प्रक्रिया अवलम्बन गरिएको, पीडितको पीडालाई राजनैतिक स्वार्थका रुपमा अद्यावधि उपयोग गरिएकाले समग्र संक्रमणकालीन प्रक्रिया दुइ दशकदेखि गिजोलिएको एवं झन् जटिल बनाइएको छ |

शंकाको सुबिधाको फाइदा उठाउदै पटकपटकको असफलतावाट समेत पाठ नसिकी सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगमा पदाधिकारी सिफारिस गर्न २०८१ चैत्र १५ गते गठित सिफारिस समितिले अपारदर्शी, देखावटी र राजनीतिक नियन्त्रित प्रक्रियावाट भागवण्डा र पहुंचका आधारमा अधिकांशत संक्रमणकालीन न्यायको राष्ट्रिय कार्यभारलाइ पार नलाग्ने, पीडितले न्याय नपाउने गरी निराशाजनक छोटो सुची प्रकाशित गरेर तत्काल पीडा सम्बोधनको पर्खाइमा दशकौदेखी पर्खिरहेका आम पीडित समुदायलाई फेरी पनि धोका दिएको एवं अपहेलित गरिएको दुखद महसुस भएको हुनाले देशभरिका द्वन्द पीडित समुदाय समग्र प्रक्रियाका सम्बन्धमा गम्भीर सरोकार जाहेर गर्दछौं |

१. सिफारिस समिति गठनको कानुनी एवं स्वीकार्यताको बैधता माथि हामी द्वन्द पीडित समुदायको गम्भीर सरोकार रहेको छ |

२. विश्वसनीय, पारदर्शी छनौट प्रक्रिया अवलम्वन गर्न र स्पष्ट मापदण्ड अवलम्वन गर्ने द्वन्द पीडित समुदायले लिखित एवं मौखिक रुपमा समितिलाई पटकपटक सुझाएको तथ्य पुन स्मरण गराउन चाहन्छौं | तर सिफारिस समितिले छनौट प्रक्रियाका सम्बन्धमा यस प्रमुख सरोकारवाला पीडित समुदाय, जसको लागि आयोग चाहिने हो, उनीहरुलाई नै वहिष्करण गरी पीडित समुदायसंग एकपटक पनि परामर्श नगरिएको नियन्त्रित र देखावटी प्रक्रिया हामीलाई अस्वीकार्य छ |

३. राज्यको जिम्मेवार निकायले गर्ने कार्य बिश्वसनीय बनाउन एवं सो को लागि उम्मेद्वारहरुको छोटो सुची तयार पार्ने मापदण्ड, आधार र पारदर्शी प्रक्रिया सार्वजनिक गर्न पीडित समुदायले पटक पटक माग एवं खवरदारी गर्दा समेत पूर्णत वेवास्ता गरी उम्मेदवारको संक्रमणकालीन न्यायका क्षेत्रमा रहेको अनुभब, दक्षता, क्षमता, योगदान, मार्गचित्र, निवेदन, व्यक्तिगत विवरण एवं पृष्ठभूमि पर्याप्त समय दिएर गहन अध्ययन नै नगरी, अपारदर्शी, राजनैतिक भागवण्डा, समिति एवं समितिमा पहुँच रहेका राजनीतिक एवं सरकारी व्यक्तिहरुको नजिकका, पीडकका पक्षमा वकालत गरेका एवं अधिकांशत संक्रमणकालीन न्यायका वारेमा ज्ञान, योगदान, दक्षता नभएका व्यक्तिहरुलाई समावेश गरी उक्त सुची तयार गरिएकोप्रति पीडित समुदायको गम्भीर आपत्ति रहेको छ |

४. संक्रमणकालीन न्याय प्रक्रियालाई सफल निष्कर्षमा पुर्याउने क्षमता भएका, देश र समाजले पत्याएका विश्वसनीय व्यक्तिहरु निवेदन हालेर नआउने तथ्य मनन गरेर नै समितिले सुचिकृत गर्ने प्रावधान राखेको हुनुपर्दछ | तर यस राष्ट्रिय महत्वको सवाललाई पार लगाउने ल्याकत भएका व्यक्तिको आवेदन परे नपरेको सो को गहन अध्ययन नै नगरी, त्यस्ता व्यक्तिहरुलाई सुचिकृत गर्ने पहल एवं गृहकार्य नै नगरी आएका व्यक्तिहरु मध्येवाट भन्दै मुलत निरासाजक मूल नेतृत्व सहितको छोटो सुची तयार पार्ने कार्य गैरजिम्मेरीपूर्ण छ |

५. संक्रमणकालीन न्यायको प्रमुख सरोकारवाला पक्ष द्वन्द पीडित समुदायलाई द्वन्दकै पक्ष भन्दै केवल कमजोर सेवाग्राही मात्र ठानेर समग्र प्रक्रियामा पीडित समुदायको अर्थपूर्ण सहभागितावाट वन्चित गर्ने तर पीडित केन्द्रित संक्रमणकालीन न्याय प्रक्रियाको बखान गर्न नछोड्ने र पीडक पक्षद्वारा नियन्त्रित प्रक्रिया अवलम्वन गर्ने प्रबृत्तिको हामी बिरोध गर्दछौं |
६. एउटै व्यक्ति दुवै आयोगको दुवै पदका लागि छोटो सूचीमा समावेश गरिएकोवाट चरम अवसरवादलाइ अनुमोदन गर्ने समितिको कार्यक्षमता र निर्णय क्षमतामाथि गम्भीर प्रश्न उब्जिएको छ |
७. समितिले अविश्वसनीय र अपारदर्शी प्रक्रिया अवलम्वन गरेर पीडित समुदायलाई धोका दिएको हुनाले समितिलाई सहयोग होस् भन्ने मनसायले बिभिन्न द्वन्द पीडित संघ संस्थाले सिफारिस गरेका व्यक्तिहरुको नाम सिफारिस फिर्ता गर्न बाध्य भएको जानकारी गराउदछौं |
८. द्वन्द पीडित एवं मानवअधिकार समुदायको समेत प्रतिनिधित्व गर्नुपर्ने राष्ट्रिय मानव अधिकार आयोगले सिफारिस समितिमा रहेर अवान्छित राजनैतिक हस्तक्षेपलाइ निस्तेज पार्ने, अर्थपूर्ण परामर्शयुक्त र विश्वसनीय प्रक्रिया अवलम्वन गर्न, सक्षम र दक्ष व्यक्ति पहिचान गरी सिफारिस गर्ने दायित्व निर्वाह गर्न नसकेकोमा पीडित समुदाय दुखीत भएको छ |
९. पीडित समुदायको पीडा सम्बोधन गर्ने विश्वसनीय प्रक्रिया अवलम्वन गर्नुपर्ने राज्यको दायित्व मसहुस नगरी, पटकपटक केवल दलिय भागवण्डा गरेर क्षमतावान् व्यक्तिलाइ समावेश नगरी कमजोर आयोग बनाउन खोज्ने गैरजिम्मेवार शीर्ष राजनैतिक नेतृत्व, आफ्नो अधिकार र दायित्व बोध नगरी दलीय इशारामा सुची तयार गर्ने समितिको असक्षम कार्यशैलीको भर्त्सना गर्दै पीडित समुदाय समेतको अर्थपूर्ण प्रतिनिधित्व सुनिश्चित गरी तत्काल नयाँ स्वायत्त सिफारिस समिति एवं विश्वसनीय, पारदर्शी र परामर्शयुक्त सार्वजनिक छनौट प्रक्रिया अवलम्बन गर्न मुख्य राजनीतिक नेतृत्व एवं सरकार समक्ष जोडदार माग गर्दछौ |
१०. द्वन्द पीडित समुदायकै लागि अपरिहार्य हुने संक्रमणकालीन न्याय प्रक्रियाका सम्बन्धमा हामी पीडित समुदायले दुइ दशक अघिदेखि अथक रुपमा उठाउँदै आएका प्रश्न, माग, सवाल, मानवीय सम्बेदनशिलता एवं जवाफदेहितालाई वेवास्ता गरी पीडितलाई झन् पीडा दिने र निरास पार्ने नियन्त्रित र देखावटी प्रक्रिया अझै पनि निरन्तर अगाडी बढाइएंमा हामी पीडित समुदायकै अगुवाइमा समानान्तर नागरिक आयोग बनाई सत्य अन्वेषण गर्ने एवं पीडकको नाम सार्वजनिक गर्ने कार्य अगाडी बढाउन बाध्य नपार्न सचेत गराउन चाहन्छौं |
११. तत्काल पीडित केन्द्रित, लैंगिक मैत्री एवं अपाङ्गता समावेशी र विश्वसनीय संक्रमणकालीन न्याय प्रक्रिया अवलम्वन गर्न र पीडितका सत्य, न्याय र परिपूरणका अधिकार एवं पुन नदोहोरिने सुनिश्चित गर्नुपर्ने सवालवारे द्वन्द पीडित समुदायले उठाएका सवालहरुको प्रभावकारी कार्यान्वयन गर्नका लागि साथ, रचनात्मक सहयोग र ऐक्यवद्दताका लागि बृहद नागरिक समाज, मानब अधिकार समुदाय, संचार जगत, संयुक्त राष्ट्रसंघ लगायत समग्र अन्तर्राष्ट्रिय समुदाय समक्ष हार्दिक अपील गर्दछौ |

**अपील एवं खवरदारी गर्ने द्वन्द्व पीडित संघसंस्थाहरु**

१. द्वन्द्व पीडित साझा चौतारी, महासचिव, उदय शाह
२. द्वन्द्व पीडित महिला राष्ट्रिय सञ्जाल, अध्यक्ष, सृजना श्रेष्ठ
३. गम्भीर मानब अधिकार उल्लङ्घनका पीडितहरुको राष्ट्रिय संजाल, अध्यक्ष, राम कुमार भण्डारी
४. अपांगता भएका द्वन्द्व पीडितहरूको राष्ट्रिय सञ्जाल, अध्यक्ष, सुरेन्द्र खत्री
५. द्वन्द्व पीडित राष्ट्रिय सञ्जाल, अध्यक्ष, गोपाल बहादुर शाह
६. देबी खड्का, सल्लाहकार, अपराजिता फाउन्डेसन
७. गुरु लुइँटेल अध्ययन तथा बिकास केन्द्र, अध्यक्ष, फडिन्द्र लुइँटेल
८. गीता रसाइली, द्वन्द्व पीडित महिला राष्ट्रिय सञ्जाल , उपाध्यक्ष
९. शुसीला चौधरी, द्वन्द्व पीडित महिला राष्ट्रिय सञ्जाल, महासचिव
१०. द्वन्द पीडित समिति बर्दिया, अध्यक्ष, भागीराम चौधरी

११. सुमन अधिकारी, द्वन्द्व पीडित साझा चौतारी, संस्थापक अध्यक्ष
१२. बेपत्ता परिवार समाज नेपाल, अध्यक्ष, रुपेश शाह
१३. राष्ट्रिय स्मृति सञ्जाल, अध्यक्ष, निरञ्जन कुमार चौधरी
१४. माओवादी पीडित राष्ट्रिय संघर्ष समिति, नेपाल, अध्यक्ष कल्याण बुढाथोकी
१५. द्वन्द्व प्रभावित सरोकार केन्द्र, दाङ, अध्यक्ष, चन्द्र बहादुर चौधरी
१६. न्यायका लागि द्वन्द्वपीडित समाज, अध्यक्ष रमिला जोशी
१७. अपराजिता फाउन्डेसन, अध्यक्ष, सोनिया चौधरी
१८. नेपाल माओवादी पीडित संघ, अध्यक्ष धर्मराज न्यौपाने
१९. द्वन्द्व व्यवस्थापन तथा विस्थापित सरोकार केन्द्र, महासचिव, मोहन परियार
२०. शहिद तथा बेपत्ता स्मृति प्रतिष्ठान, अध्यक्ष, दयासागर घिमिरे
२१. द्वन्द्वपीडित अपांग संघ, दोलखा, अध्यक्ष कृष्ण बहादुर घिसिङ
२२. बाँदरमुढे घटनापीडित सरोकार समिति, उपाध्यक्ष, कृष्ण अधिकारी
२३. द्वन्द्वपीडित स्वरोजगार तथा सीपमूलक तालिम केन्द्र, मोरङ, अध्यक्ष, भीम बहादुर राउत
२४. बेपत्ता परिवार समाज नेपाल, सुनसरी,सचिव, इन्द्रकला राई शाह
२५. झापाली बेपत्ता स्मृति स्तम्भ पार्क, अध्यक्ष, डिल्लीप्रसाद रिजाल
२६. द्वन्द्वपीडित टुहुरा समाज, संस्थापक अध्यक्ष, केपी अधिकारी
२७. सामाजिक न्याय समिति नेपाल, अध्यक्ष, बिष्णुमणि भण्डारी
२८. द्वन्द्वपीडित अधिकार मञ्च म्याग्दी   अध्यक्ष भिम बहादुर रिजाल
२९. द्वन्द्वपीडित कृषक हकहित संरक्षण समाज कैलाली, अध्यक्ष गणेश बहादुर मल्ल
३०. द्वन्द्वपीडित महिला राष्ट्रिय संजाल, म्याग्दी, अध्यक्ष देवी कुमारी केसी
३१. द्वन्द्वपीडित तथा एकता विकास केन्द्र, अध्यक्ष सीता बोहरा, धनगढी
३२. बेपत्ता परिवार राष्ट्रिय संजाल, अध्यक्ष, रत्न घिमिरे
३३. द्वन्द्वपीडित शिक्षक समाज अध्यक्ष हिरा तिवारी
३४. द्वन्द्वपीडित राष्ट्रिय समाज सचिव, ज्ञानेन्द्र आरण
३५. द्वन्द पीडित समाज कोशी प्रदेश, अध्यक्ष, रुपेश शाह
३६. साबित्रि खड्का, सचिव, द्वन्द्व पीडित महिला राष्ट्रिय सञ्जाल


**आवश्यक सम्पर्क**

सृजना श्रेष्ठ : ९८४१४८५३६४
सुरेन्द्र खत्री; ९८५७६२८५५६
गोपाल शाह : ९८५११३३८८६
फडिन्द्र लुइँटेल : ९८५११०७६७९
सुमन अधिकारी : ९८४१४५४६२४

गीता रसाइली ; ९८५११६४४२५
शुशिला चौधरी : ९८५७८२१५५१
देबी खड्का ; ९८५११२६६२७
राम भण्डारी : ९८५११२३१०४